# परीक्षाको अपेक्षा गर्नुहोस्

यो स्वास्थ्य संस्थाले 13 वर्ष र बढी उमेरका सबै बिरामीहरूलाई एचआईभी परीक्षण सेवा प्रदान गरेर असल चिकित्सा अभ्यास र जनस्वास्थ्य कानुनको पालना गर्दछ।

## नियमित प्रयोगशाला परीक्षण

- ✓ ग्लुकोज
- ✓ कोलेस्ट्रोल
- ✓ एचआईभी परीक्षण
- ✓ पूर्ण रक्त गणना
- ✓ लिपिड प्रोफाइल

## तपाईंले एचआईभी परीक्षणको बारेमा जान्नुपर्ने कुराहरू निम्नानुसार छन्

- एचआईभी परीक्षण स्वैच्छिक हो र सबै एचआईभी परीक्षण नतिजाहरू गोप्य (निजी) रहने छन्।
- एचआईभी असुरक्षित यौन सम्पर्क, सुई अरूसँग मिलेर प्रयोग गर्ने, बच्चा जन्माउँदा वा स्तनपान गराउँदा फैलिन सक्छ।
- एचआईभी को उपचार प्रभावकारी हुन्छ, यसमा न्यून वा कुनै साइड इफेक्ट हुँदैन र दिनको एउटा मात्र चक्की लिनुपर्ने हुन सक्छ।
- यौनसाथीहरूले आफ्नो एचआईभी स्थिति थाहा पाएर र एचआईभी उपचार प्राप्त गरेर वा एचआईभी प्रि-एक्सपोजर प्रोफिलेक्सिस (pre-exposure prophylaxis, PrEP) लिएर एकअर्कालाई सुरक्षित राख्न सक्छन्। सुईहरू मिलेर नचलाउने र सुरक्षित यौन अभ्यास गर्नाले एचआईभी, हेपाटाइटिस सी र अन्य यौन संचारित रोग (STD) हरू विरुद्ध सुरक्षा गर्न मद्दत गर्ने छ।
- एचआईभी स्थितिको कारण कुनै व्यक्ति विरुद्ध भेदभाव गर्नु गैरकानूनी हुन्छ।
- निश्चित सार्वजनिक परीक्षण साइटहरूमा बेनामी एचआईभी परीक्षण (तपाईंको नाम नदिईकन) सेवा उपलब्ध छ।
- एचआईभी परीक्षण स्वास्थ्य सेवाको नियमित अङ्ग हो, तर तपाईंसँग एचआईभी परीक्षणमा आपत्ति जनाउने वा अस्वीकार गर्ने अधिकार छ।
- तपाईं एचआईभी परीक्षण अस्वीकार गर्न चाहनुहुन्छ भने, स्वास्थ्य सेवा प्रदायकलाई सूचित गर्नुहोस्।

**तपाईंले आफ्ना एचआईभी नतिजाहरू कसरी र कहिले थाहा पाउनुहुने छ भन्ने बारे आफ्नो स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोस्।**
**सबैभन्दा खराब एचआईभी स्थिति: अज्ञात। परीक्षणले तपाईंलाई नियन्त्रणमा राख्छ। HIVtestNY.org**

NEW YORK STATE | Department of Health